**Rapid Need Assessment Team, Dhading**
**Summary Report**

## गरिएका कार्यहरु

- शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखसंग समन्वय गरी जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराईयो
- इकाइ प्रमुखसंगको समन्वयमा स्थानीय तहका शिक्षा शाखा प्रमुखको सम्पर्क नम्बर लिईयो र उहाँहरूलाई Rapid Need Assessment Team को Whatsapp Group संग जोडियो।
- गल्छी र वेनिघाट रोराङ गापाका अध्यक्षसंग छलाफल गरियो।
- भोटेकोशी वाढीबाट प्रभावित विद्यालयहरूको स्थलगत भ्रमण गरी विवरण लिईयो।
- गल्छी गापाले धादिङ वहुमुखी क्याम्पसमा राखिएको Holding Centre पनि स्थलगत भ्रमण गरी विवरण लिईयो।

**प्राप्त विवरण**

| स्थानीय तह | प्रभावित विद्यालय/संस्था | अवस्था | गर्नुपर्ने Rapid Response |
|---|---|---|---|
| गल्छी गापा | १. वागेश्वरी मावि गल्छी | • पहिलो तलामा पुरै वाढी पसेको<br>• प्रयोगशालाहरु पहिलो तलामा रहेका र पुरै क्षति पुगेको<br>• खानेपानीका धारा र सौचालय हिलोले पुरिएको<br>• ECD पनि पहिलो तलामा रहेको र पुरै क्षति पुगेको<br>• शैक्षिक सामग्री र खेलकुदका सामानमा पनि पुरै क्षति पुगेको<br>• बालबालिकाहरु झोला त्यही छोडेर भाग्नु परेकाले झोला, पाठ्यपुस्तक, स्टेशनरीमा पुरै पुरै क्षति पुगेको<br>• विद्यालय जाने बाटो बालुवा र हिलोले छोपेको<br>• डोजरसहित सफा गर्ने काम भइरहेको<br>• विद्यालय भित्रको परिसर सफा गर्न अझै केही दिन (१ हप्ता जति) लाग्ने | • शिक्षक, कर्मचारी र वालवालिकाहरुलाई मनोपरामर्श गराउनु पर्ने<br>• वालवालिकाहरुलाई झोला, पाठ्यपुस्तक, स्टेशनरी उपलब्ध गराउनु पर्ने<br>• पहिलो तलाका कोठाहरुमा रंगरोगन र फर्निचरको व्यवस्था गर्नुपर्ने |
| | २. अम्लेश्वर गुरुकुल गल्छी | • विद्यालय भवन वाढीले पुरै पुरेको<br>• विद्यालयमा रहेको सामानहरुमा पुरै क्षति पुगेको<br>• सोही स्थानमा पुन: विद्यालय सञ्चालन गर्न संभव नरहेको | • विद्यालय सञ्चालनका लागि विकल्प खोज्नुपर्ने<br>• वालवालिकाहरुलाई झोला, पाठ्यपुस्तक, स्टेशनरी उपलब्ध गराउनु पर्ने |
| | ३. Success Academy, Galchhi | • विद्यालयको परिसरमा वाढी पसेको, चमेनागृहमा पुरै क्षति पुगेको, परिसरमा रहेका सौचालयमा पुरै हिलो भरिएको | • शिक्षक, कर्मचारी र वालवालिकाहरुलाई मनोपरामर्श गराउनु पर्ने |

| | | | |
|---|---|---|---|
| | | • कक्षाकोठामा वाढी नपसेको<br>• आगामी हप्ता (भदौ २२ गते) बाट विद्यालय सञ्चालनको तयारी गरिएको<br>• सुरुका दिनहरुमा अवस्था सामानीकरण गर्नका लागि Kathmandu University को समन्वयमा Counselors आमन्त्रित गरिएको।<br>• ७ जना बालबालिकाको अभिभागक Missing रहेको<br>• नुवाकोटबाट गाडीमा आउने बालबालिकालाई पुन: विद्यालयमा ल्याउन समस्या रहेको | • अभिभागक Missing रहेको बालबालिकाको वसोवास र पढाइको व्यवस्था मिलाउनु पर्ने<br>• नुवाकोटबाट गाडीमा आउने बालबालिकाका लागि पढाइ सुनिश्चित गर्न वैकल्पिक उपायहरुको खोजी गर्नुपर्ने |
| | ४. Holding Centre (धादिङ बहुमुखी क्याम्पस, गल्छी ४) | • १२० जना Holding Centre मै वसोवास गरिरहेका र १८३ जनाले खाना यही खाएर घरमा गएर वस्ने गरेको<br>• ३६ जना बालबालिका (छात्रा १९ र छात्र १७) Holding Centre मा रहेका<br>• बालबालिकाहरु विद्यालय जान सुरु गरिसकेका<br>• Holding Centre मा स्थानीय र व्यापार व्यवसाय गर्न भाडामा वस्ने दुबै रहेका | • Holding Centre मा रहेका बालबालिका लगायत सबैलाई मनोपरामर्श गराउनु पर्ने<br>• Holding Centre बाट पढ्न जाने विद्यालयका शिक्षक, कर्मचारी र वालवालिकाहरुलाई पनि मनोपरामर्श गराउनु पर्ने |
| बेनिघाट रोराङ गापा | १. वुध्दिविकास आवि वडा न ७ | • पश्चिम तिरको भवन आधा भत्तिएको र अन्य भाग पनि चर्किएको<br>• दक्षिण तिरको भवनमा वाढी पसेको, भवनमा क्षति नभएको<br>• त्यही स्थानमा पुन: सञ्चालन गर्न संभव नदेखिएको<br>• गापा अध्यक्ष, वडा अध्यक्षसंगको छलफलमा नजिकै जग्गा पनि उपलब्ध हुन अवस्था नरहेको जानकारी प्राप्त भयो। १५/२० मिनेटमा हिडेर पुग्न सकिने र गाडी सुविधा पनि भएको चन्द्रोदय माविमा TLC बनाएर यो शैक्षिक सत्र सञ्चालन गर्ने गरी छलफल भइरहेको जानकारी प्राप्त भयो<br>• बालबालिकाको झोला, पाठ्यपुस्तक, स्टेशनरीमा पुरै पुरै क्षति पुगेको<br>• शैक्षिक सामग्री र खेलकुदका सामानमा पनि पुरै क्षति पुगेको | • स्थान छिटो टुंग्याएर TLCs बनाउनुपर्ने<br>• शिक्षक, कर्मचारी र वालवालिकाहरुलाई मनोपरामर्श गराउनु पर्ने<br>• वालवालिकाहरुलाई झोला, पाठ्यपुस्तक, स्टेशनरी उपलब्ध गराउनु पर्ने |
| | २. धुस्सा सामुदायिक | • वडा न ७ कै भवनमा सञ्चानमा रहेको<br>• भवनमा क्षति नपुगेको तर भवन भित्र पुरै | • अन्य स्थानमा सारी सञ्चालन गर्नुपर्ने |

| | | | |
|---|---|---|---|
| | अध्ययन केन्द्र वडा न ७ | वाढी पसेको<br>• सामग्रीहरुमा पुर्ण क्षति पुगेको<br>• भवन सकुशल भए पनि वुध्दिविकास आविसंगै जोडिएको र जोखिमयुक्त स्थानमा रहेकोले सोही स्थानमा पुन: सञ्चालन गर्न संभव नरहेको | • सामुदायिक अध्ययन केन्द्र सञ्चालनका लागि आवश्यक सामग्री उपलब्ध गराउनु पर्ने |
| | ३. चन्द्रोदय मावि विसालटार | • खानेपानीको लागि राखिएको Lift पुरै बगाएकोका कारणले खानेपानिको अभाव रहेको<br>• विद्यालय सञ्चालनमा आइसकेको<br>• प्रअको घर नै जोखिमा रहेको | • खानेपानीको वैकल्पिक व्यवस्था गर्नुपर्ने<br>• शिक्षक, कर्मचारी र वालवालिकाहरुलाई मनोपरामर्श गराउनु पर्ने |
| | ४. जलेश्वरी मावि | • खानेपानीको पाइप पुरै बगाएको र वोरिङ गरिएको स्थान र Lifting Machine पुरै बगाएको<br>• विद्यालय जाने बाटो पुरै भत्किएको<br>• खुलमैदान र बगैचा पुरै बगाएको<br>• विद्यालय सञ्चालनमा आए पनि सबै बालबालिका (विशेषगरी साना बालबालिका) विद्यालय आउन नसकेको | • विद्यालय आउजाउत गर्ने बाटो तत्काल बनाउनु पर्ने<br>• खानेपानीको वैकल्पिक व्यवस्था गर्नुपर्ने<br>• शिक्षक, कर्मचारी र वालवालिकाहरुलाई मनोपरामर्श गराउनु पर्ने |
| | ५. शंखादेवी मावि वडा न ९ | • खानेपानीको पाइप पुरै बगाएको र वोरिङ गरिएको स्थान र Lifting Machine पुरै बगाएको<br>• विद्यालयको पर्खाल मुनिको Wall र नदी छेउको बाटो बगाएको र Scholl Compound Wall जोखिमयुक्त रहेको<br>• ३ ओटा झोलुङ्गे पुल बगाएकाले नदी पारि (गोरखा जिल्ला) बाट आउने विद्यार्थीलाई विद्यालय आउन समस्या रहेको<br>• विद्यालय सञ्चालनमा आईसकेको | • खानेपानीको वैकल्पिक व्यवस्था गर्नुपर्ने<br>• नदी पारिबाट आउने विद्यार्थीका लागि आवासको व्यवस्था मिलाउनु पर्ने<br>• शिक्षक, कर्मचारी र वालवालिकाहरुलाई मनोपरामर्श गराउनु पर्ने |
| गजुरी गापा | १. भद्रकाली गुरुकुल गजुरी २ | • खानेपानीको Boring र Lift पुरै बगाएको<br>• विद्यालयको त्रिशुली नदीको छेउमा रहेको मैदान र बाटो पुरै बगाएको<br>• बलियो चट्टान रहेकाले विद्यालय र विद्यालय वरिपरिको संरचना बचेको देखियो<br>• विद्यालय सञ्चालनमा आइसकेको<br>• १ जना शिक्षकको घरमा क्षति पुगेको (वस्न योग्य नरहेको) | • खानेपानीको वैकल्पिक व्यवस्था गर्नुपर्ने<br>• शिक्षक, कर्मचारी र वालवालिकाहरुलाई मनोपरामर्श गराउनु पर्ने |

**भएका पहलहरू**

- सञ्चालन गर्न सम्भव भएका विद्यालयहरु सञ्चालनमा ल्याईसकिएको
- मर्मत गरी सञ्चालन गर्न सकिने विद्यालयहरुको मर्मतको काम दूर्त गतिमा भइरहेको
- त्यही स्थानमा सञ्चालन गर्न सम्भव नदेखिएका विद्यालयहरुको वैकल्पिक स्थानको लागि पहल भएको
- आवश्यक TLCs र Students kits का लागि इन्द्र गुप्ता सर मार्फत UNICEF संग कुरा भईसकेको
- अवस्थालाई सामानिकरण गर्न र जति सक्दो छिटो Learning Continuity गर्न स्थानीय तहलाई सहजीकरण गरिएको
- Rapid Assessment सम्पन्न गरी Tab मार्फत विवरण Entry गरिसकिएको

Rapid Need Assessment Team, Dhading का सदस्यहरू

| | | |
|---|---|---|
| १. निमप्रकाश सिंह राठौर | संयोजक | निर्देशक, शिक्षा विभाग |
| २. तेज मानन्धर | सदस्य | इन्जिनियर, शिक्षा विभाग |
| ३. प्रकाश देवकोटा | सदस्य | इन्जिनियर, सामाजिक विकास कार्यालय धादिङ |
| ४. इन्द्रप्रसाद गुप्ता | सदस्य | शिक्षा अधिकृत, यूनिसेफ |
| ५. विनोदकुमार उप्रेती | सदस्य | उपसचिव, राष्ट्रिय खेलकुद परिषद |